March 2014

# TODAY

(Newsletter of EURASIA REIYUKAI)

No. 2, Vol. 9



हाम्री मुमा एई होऊ तोकु जेन न्योज्यूको १५औं पुण्यतिथि स्मरण समारोह २५ मार्च २०१४ का दिन सम्पूर्ण यूराशिया रेयूकाई मिहाता शाखा र सम्पूर्ण यूराशिया रेयूकाई समाज विकास केन्द्रमा आयोजना गर्ने मौका पाई आ-आपनो सदस्य सँगै आपनो मिहाता शाखा र नजिकैको समाज बिकास केन्द्रमा सहभागी भई मुमाज्यू प्रति कृतज्ञता फर्काऔं ।

## महागुरु किमी कोतानीज्यूको ४४औं पुण्यतिथि स्मरण समारोह र यूराशिया रेयूकाई भब्य भेला सम्पन्न

महागुरु किमी कोतानीज्यूको ४४औं पुण्यतिथि स्मरण समारोह ९ फेब्रुअरी २०१४ का दिन यूराशिया रेयूकाई समाज बिकास केन्द्र, धरानमा यूराशिया रेयूकाई मिहाता,केन्जिचुकी मिहाता र सम्पूर्ण मिहाता शाखाको मिहाता बिराजमान गर्ने मौका पाई महागुरुज्यू प्रति कृतज्ञता फर्काउने मौका पायौं । समारोहमा यूराशिया रेयूकाई संस्थापक अध्यक्ष दम्पतीज्यूको समुपस्थितिमा,जापान, भारत र नेपाल देशका बिभिन्न क्षेत्रबाट पाल्नु भएका होजाईन भन्दा माथीका १,०४२ जना लिडर्सहरु र ४४ जना बच्चाहरुको उपस्थितीमा सम्पन्न भएको थियो । पहिलो चरणमा महागुरु किमि कोतानीज्यूको ४४ औं पुण्यतिथी र दोस्रौ चरणमा यूराशिया रेयूकाई भव्यभेला समारोह सम्पन्न भई उक्त महान् समारोहमा संस्थापक अध्यक्षज्यूबाट सहभागीहरुलाई मार्गनिर्देशन प्रदान गर्नु भएको थियो । मार्गनिर्देशनमा महागुरु किमि कोतानीज्यू रेयूकाईको मात्र महाओन्सी नभएर पृथ्वी कै महाओन्सी हुनुहुन्छ । आजको आफू बन्ने कुरा नभुल्नु होला भनी मार्गनिर्देशन प्रदान गर्नुभएको थियो । उक्त महान् समारोह शिबुचो श्री भिम बहादुर बस्नेतको संयोजकत्वमा सम्पन्न भएको थियो । उक्त दिनमा यूराशिया रेयूकाईका सम्पूर्ण मिहाता शाखा,समाज बिकास केन्द्र र देश अनुसारका कार्यालयहरुमा पनि महागुरुज्यूको ४४औं पुण्यतिथी स्मरण समारोह २३९६ जनाको सहभागीतामा आयोजना गर्ने महान् मौका पाएका थियौं ।



## गुरु आन् न्यू ग्यो तोकु जेन् शीज्यूको ९औं पुण्यतिथि स्मरण समारोह सम्पन्न

२४ फेब्रुअरी २०१४ का दिन हाम्रा गुरु आन् न्यू ग्यो तोकु जेन् शीज्यूको ९औं पुण्यतिथि स्मरण समारोह यूराशिया रेयूकाईका सम्पूर्ण मिहाता शाखा, समाज विकास केन्द्रहरु, यूराशिया रेयूकाई बंगलादेश र म्यानमार गरी ३,१६९ जनाको सहभागीतामा सम्पन्न गर्ने मौका पायौं । सोही क्रममा यूराशिया रेयूकाई प्रधान कार्यालय सिलिगुडी, यूराशिया रेयूकाई १८औं शाखा र २१औं शाखाको संयुक्त आयोजनामा समाज बिकास केन्द्र सिलिगुढीको गोहोजाहलमा केन्जीचुकी मिहाता,१८औं शाखा र २१औं शाखाको मिहाता विराजमान गरि सम्पन्न भएको थियो । यूराशिया रेयूकाई समाज विकास केन्द्र,सानेपामा यूराशिया रेयूकाईको मिहाता र सम्पुर्ण मिहाता शाखामा आ-आपनो मिहाता शाखाको मिहाता बिराजमान गरी हाम्रा गुरुज्यूको पुण्यतिथि स्मरण समारोह सम्पन्न गर्ने मौका पायौं ।



## यूराशिया रेयूकाई २१ औं शाखाका मिहाता जिम्मेवार शिबुचो श्रीमती देवकी राईज्यूको अपील



द्वय महागुरुज्यू, द्वय गुरुज्यू, यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यू मुमाज्यूको महान् दया र कृपाबाट कल्पौ–कल्पको अवधिमा मात्र भेट हुन सक्ने महान् रेयूकाई शिक्षासँग भेट भई, अभ्यास गर्ने महान् मौका प्रति अन्तरआत्मा देखी नै कृतज्ञता चढाउँदछु ।

यूराशिया रेयूकाई २१ औं शाखा भारत देशको पश्चिम बंगालको सिलीगुडीमा २४ फेब्रुअरी २००२ मा जन्म भई मिहाताको संदेशबाहकको रुपमा अभ्यास गर्ने महान् मौका पाईरहेका छौं । यूराशिया रेयूकाई २१ औं शाखासँग कर्मको सम्बन्ध भएका सम्पूर्ण सदस्यहरु एकताबद्ध भई, सँधै–सँधै सिक्ने भावना, कृतज्ञताको भावना र माफीको भावनालाई लिई आफूले जन्मदै लिएर आएको जिम्मेवारी कर्तब्य पूरा गर्न “हिंड मिलियन तुरुन्त कार्यन्वयन” लाई लागु गरिरहेका छौं । यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशन “जसले भन्छ, उसले नै कार्यान्वयन गरि परिणामलाई देखा पार्नु पर्छ । आफ्नो मात्र समय होईन,यो संसारमा बाँचिरहेका ब्याक्तिहरुको लागी समय प्रयोग गर्ने हो । उत्साह लिई महायानको भावना र कृतज्ञताको भावनाले कार्यन्वयन गर्ने” भन्ने मार्गनिर्देशनलाई आत्मासात् गरी सद्धर्मपुण्डरीक सूत्रको शिक्षालाई कार्यान्वयन गर्न कर्मको सम्बन्ध भएका क्षेत्रहरुमा जाने मौका पाई मिचिबिकीको पुण्यफल संचित गर्ने महान् मौका पाईरहेका छौं । आफ्नो घर परिवार, आफु बसेको समाज र देशमा एकदिन भए पनि छिटो शान्ति स्थापना गर्न सकौं भनि सोकाईम्योलाई स्वागत गर्ने मौका पाई धेरै भन्दा धेरै पुर्खाहरुलाई बचाउने र पुर्खाहरुलाई बोधिआत्मा जागृत होस् भनि दैनिक सूत्रपाठ चढाउने, दुईहात जोडी बिश्व शान्ति होस्, आफू बसेको देश शान्ति र समृद्धि होस् भनि कामना गर्ने ब्यक्तिहरु धेरैं भन्दा धेरैं निर्माण गर्दै जाऊ भन्ने महान् लक्ष्य र उद्धेश्य लिई रेयूकाई शिक्षालाई एकदिन भएपनि छिटो स्वयंमले कार्यान्वयन गर्ने मौका पाई सदस्यहरुलाई पनि कार्यान्वयन गराउने महान् मौका पाईरहेकी छु ।

मुस्कान अभियानलाई लागु गरि आफू बसेको क्षेत्र मुस्कानयुक्त बनाई मिचिबिकी भेला, महिला भेला, यूवा भेला, बाल भेला गरी पुर्खाहरुलाई केन्द्रबिन्दु बनाई जीवन यापन गरी अभ्यास गर्ने महान् मौका पाई रहेकी छु । किन महान् रेयूकाई शिक्षासँग भेट भई अभ्यास गर्ने मौका पाईरहेकी छु भन्ने कुरालाई महसुस गरी, बोधिसत्वको भावना जागृत गरी अरुको खुशीको कामना गरी आँखाले नदेख्ने संसार र आँखाले देख्ने संसारलाई बचाउन कृतज्ञताको भावना बोकि सबै जना एकताबद्ध भई यूराशिया महाद्वीपलाई उज्यालो र शान्तीमय बनाऔं भनी अपील गर्दछु ।



## जापान रेयूकाई ८औं शाखाका लिडर्सबाट नेपाल र भारतका विभिन्न क्षेत्र भ्रमण



यूराशिया रेयूकाईको आतिथ्यमा जापान रेयूकाई ८औं शाखाबाट पाल्नु भएका पाहुना श्री खाजुहिरो मासुनागा, श्रीमती तोमोको ओया, सुश्री युकिको ओकामोतो र श्री मासारु मियाचीज्यूहरुबाट ६फेब्रुअरी २०१४ देखि १७ फेब्रुअरी २०१४ सम्म नेपाल र भारतदेशमा रहेका सम्पूर्ण मिहाता शाखा र नेपाल देशको २ वटा समाज विकास केन्द्रहरुको भ्रमण गरी गोहोजा अभिवादन गर्नु भएको थियो । त्यसै गरी सुन्दर पर्यटकिय नगर पोखरा, स्थिरमती पहाड, भगवान गौतमबुद्ध जन्मस्थल लुम्बिनी र रेयूकाई एईको मासुनागा आँखा अस्पताल बनेपाको भ्रमण गरी अस्पताल परिसरमा वृक्षारोपण समेत गर्नु भएको थियो । ९ फेब्रुअरी २०१४ का दिन महागुरु किमी कोतानीज्यूको ४४औं पुण्यतिथि स्मरण समारोह र यूराशिया रेयूकाई भव्य भेलामा सहभागी हुनुभई मन्तव्य एवं अनुभव व्यक्त गनुभई यूराशिया रेयूकाईका सदस्यहरुमा उत्साह प्रदान गर्नु भएको थियो ।

जापान रेयूकाई ८औं शाखाबाट पाल्नु भएका लिडर्सहरुले भ्रमणबाट धेरै कुरा सिक्ने मौका पाएको र सिकेको कुराहरुलाई आफ्नो देशमा फर्केर कार्यान्वयन गर्ने मौका पाउने ईम्प्रेशन व्यक्त गर्नुभएको थियो ।

## यूराशिया रेयूकाई २२औं शाखाको भव्य भेला सम्पन्न



यूराशिया रेयूकाई २२ औं शाखाको सन् २०१४ को भव्य भेला समारोह १५फेब्रुअरी २०१४ का दिन २२औं शाखा मूख्यहल बर्द्धघाटको प्राङ्गणमा २२औं शाखाको मिहातालाई विराजमान गराई १,१८८ जना सदस्यहरुको सहभागीतामा सम्पन्न भएको थियो । उक्त समारोहमा जापान रेयूकाई ८औं शाखाबाट पाल्नु भएका ४जना पाहुनाहरुलाई स्वागत गर्ने मौका पाई अनुभव र मंतव्य व्यक्त गर्नुभएको थियो ।

उक्त भव्य भेला समारोहमा २२ औं शाखाका मिहाता जिम्मेवार शिबुचो श्री भीम बहादुर गुरुङ्गज्यूले मार्गनिर्देशन प्रदान गर्नुभएको थियो ।

## यूराशिया रेयूकाई २८औं शाखाको भव्य भेला सम्पन्न



यूराशिया रेयूकाई २८औं शाखाको सन् २०१४को भव्य भेला समारोह २२ फेब्रुअरी २०१४का दिन भद्रपुर स्थित आफ्नै भवनको प्राङ्गणमा नेपाल र भारत देशका गरी १,०४४ जना सदस्य एवं लिडर्सको सहभागीतामा यूराशिया रेयूकाई २८औं शाखाको मिहाता विराजमान गर्ने मौका पाई सम्पन्न भयो ।

उक्त भव्य भेला समारोहमा २८ औं शाखाका मिहाता जिम्मेवार शिबुचो श्री लाल कुमार श्रेष्ठज्यूले मागनिर्देशन प्रदान गर्नुभएको थियो ।

## यूराशिया रेयूकाई २१औं शाखाको भव्य भेला सम्पन्न



यूराशिया रेयूकाई २१औं शाखाको सन् २०१४ को भव्य भेला समारोह २३ फेब्रुअरी २०१४ का दिन भारतको सिलिगुढी स्थित आफ्नै भवनको मुख्यहल र प्राङ्गणमा नेपाल र भारतदेशका १,०७४ जना सदस्य एवं लिडर्सहरुको सहभागीतामा यूराशिया रेयूकाई २१औं शाखाको मिहाता विराजमान गर्ने मौका पाई सम्पन्न भयो

उक्त भव्य भेला समारोहमा २१ औं शाखाका मिहाता जिम्मेवार शिबुचो श्रीमती देवकी राईज्यूले मागनिर्देशन प्रदान गर्नुभएको थियो ।

# व्यक्तिगत अनुभव



| | |
|---|---|
| नाम | : श्रीमती जमुना अधिकारी (पौडेल) |
| उपाधि | : जुन होजाशु |
| मिहाता शाखा | : २२औं शाखा |
| क्षेत्र | : चण्डोल काठमाडौं |
| ओया | : चन्द्रावती थपलिया |
| शिबुचो | : श्रीमती प्रिया लामिछाने |

सबैलाई नमस्कार ।

महान् रेयूकाई शिक्षासँग मेरो भेट २ वर्ष अघि तीजको दर खाने कार्यक्रममा साथी संगै यूराशिया रेयूकाई समाज विकास केन्द्र सानेपामा सहभागी हुने मौका पाउँदा भएको थियो। सोही कार्यक्रममा रेयूकाई शिक्षा बारे बुझ्ने मौका पाएर महिलाले पनि आफ्नो पुर्खालाई श्रद्धाभाव राखी जल चढाएर आफ्नै घरमा दैनिक स्मरण गर्न पाउने कुराले मेरो मन छोएर सोही कार्यक्रममा सदस्यता ग्रहण गरी सोकाईम्यो लाई आवेदन गर्ने मौका पाएर घर फर्के। त्यसको केही दिन पछि मेरो ओया र शिबुचोज्यूले घरमा पुर्खाप्रतिक लिएर आउनु भयो र मेरो माईती र घर तिरको असंख्य पुर्खाहरुलाई घर मा स्वागत गर्ने मौका पाएँ। यस्तो महान् मौका पाएकोमा एकदमै हर्षित र खुशी हुदै श्रीमान् अफिसबाट आएपछि गोहोजा देखाउन कौतुहलताका साथ कुरेर बसेकी थिए तर श्रीमान्ले यो कार्यको प्रशंसा गर्नुको सट्टा नबुझेर गाली गर्नु भयो ।

यो राम्रो काम गरेनौ तिमीले धर्मको नाममा यतिका धेरै फलफूल चढाएर खर्च बढि गर्‍यौ. भन्नु भयो। मैले श्रीमान्लाई पुर्खाले हामीलाई यस्तो अमुल्य जीवन दिएर जानु भएको छ आध्यात्मिक संसारमा रहे पनि हामी सन्ततीलाई संरक्षण गरी रहनुभएको छ। यो के खर्च भयो र आखिर यो चढाएको तरकारी फलफुल हामीले नै ग्रहण गर्न सकिन्छ दैनिक घरमा खानको लागी तरकारी नकिनी हुन्न त्यही तरकारी भोलिको लागि आजै किनेर पुर्खालाइ चढाएर खाए भईहाल्छ भनी सम्झाए। श्रीमान्ले तिमीलाई जे राम्रो लाग्छ त्यही गर भनेर चुप लाग्नुभयो। यसरी सोकाइम्यो स्थापना गरेर दैनिक रुपमा सुत्रपाठ चढाउन थाले। शुरु शुरुमा सुत्रपाठ गर्न २ घण्टासम्म लाग्यो। फेरी श्रीमान्ले यतिका समय सुत्रपाठ गर्न लगाएर कामधन्दा कतिखेर भ्याउँछौ भनि गाली गर्नुभयो। मैले श्रीमान्लाई विस्तारै बानि भएपछि ४०/४५ मिनेटमा नै सकिन्छ। सुत्र महान् छ हजुरले पनि सँगसँगै पाठ गर्नुपर्छ। पुर्खालाई यो सुत्र आवाज निकालेर सुनाउने र पुर्खाको बोधिआत्मा जागृत गराउने हो र आफूले पनि सुत्रमा लेखीए अनुरुप कार्यान्वयन गरी कर्मको शुद्धीकरण गर्ने मौका पाउने हो। सबै परिवार संगै बसेर सुत्रपाठ गर्नुपर्छ भनेर शिबुचोज्युले सिकाउनु भएको छ। भोलीबाट हजुरले पनि म संग संगै पाठ गर्ने मौका पाउनु पर्छ भनेर अनुरोध गरे।गोहोजामा जल चढाएपछि सुत्रपाठ चढाउन श्रीमान्लाई पनि अनुरोध गरे अल्छी मानी मानी साथ त दिनु भयो तर पुरै पाठ गर्नु भएन मैले पनि दैनिक रुपमा उहाँलाई अनुरोध गरिरहे सोकाइम्यो स्थापना गरी सुत्रपाठ गर्न थाले देखी मेरो चाडै रिसाउने नराम्रो बानीहरु पनि सुधार गर्दै गए ।

सँधै सिक्ने भावना कृतज्ञताको भावना र माफिको भावना लिएर रेयूकाई शिक्षाको वेस कृतज्ञता भएकोले सोहि अनुसार आफ्नो जीवनमा पनि लागु गर्दै गए । आफुले मिचिविकी गरेको सदस्यहरुलाई नियमित रुपमा घरमा भेला गरी जानेको कुराहरु सिकाउँदै गए । भेलामा ओया, शिबुचोज्यूहरुलाई पनि आग्रह गरी मार्गनिर्देशन ग्रहण गर्ने मौका पायौं । यसरी गर्दै जादा श्रीमान्मा पनि परिवर्तन भई दैनिक रुपमा संगसंगै सुत्रपाठ चढाउनु हुन्छ र सुत्र त साँच्चिकै महान् रहेछ। सुत्रमा महत्वपूर्ण कुराहरु लेखिएका रहेछन् यसबाट म धेरै प्रभावित भएको छु सुत्रपाठ गर्दा मेरो मनमा आनन्द एव शन्ति भएको महसुस हुन्छ भनेर भन्नुभएको छ। प्रत्येक दिन अफिसबाट घर फर्कदा पुर्खाको लागि फलफुल, तरकारी ल्याएर गोहोजामा चढाउनु हुन्छ । पुर्खाह्रको आशीर्वाद पाएर मेरो घर परिवारमा पनि राम्रो वातावरणका साथ खुशी खुशी जीवनयापन गर्ने मौका पाईरहेकी छु। यस्तो महान् रेयूकाई शिक्षालाई आफूमा मात्र सिमित नराखि अरुको खुसीको लागि कामना गर्नु पर्छ भन्ने भावना लिएर मेरो माईती गाउँ जनकपुरमा गएर २०० भन्दा बढिको सहभागीतामा मिचिविकी भेला आयोजना गरी मिचिविकी गर्ने मौका पाएर ३० जना भन्दा बढि सदस्यको घरमा सोकाईम्योलाई स्थापना गराउने मौका पाएको छु। यस कार्यक्रममा मलाई मेरो घरपरिवार ,ओया, शिबुचोज्यूले पनि सहयोग गरिरहनु भएको छ। ८५ जना भन्दा बढि मिचिविकीको पुण्यफल संचय गर्ने मौका पाएर गोहोम्यो आत्माग्रहण समारोहमा सहभागी हुने मौका पाई १०० दिनको अभ्यास १०० दिनमै पुरा गरी सदस्यहरुको घरमा आफ्नै हातले सोकाइम्यो लेखी स्थापना गरी सुत्रपाठ गर्ने मौका पाईरहेको छु।यस वर्षको खांङ्ग्यो अभ्यास गर्ने मौका पाएर आफु वाथको रोगी भएपनि इच्छा शक्ति लिएर गर्ने मौका पाएकोले होला पुर्खाको आशिर्वाद पाएर विना अवरोध सम्पन्न गर्ने मौका पाए। अन्तमा छिटो भन्दा छिटो ५० जना भन्दा बढि सदस्यको घरमा सोकाईम्यो स्थापना गरी आफ्ना सदस्यहरुको सेवा गर्ने मौका पाई होजाशु बनि जुन शिबुचोको लक्ष्य बोकि अभ्यास गर्ने प्रतिज्ञा गर्दछु।

**हरेक महिना आयोजना हुने ९,१६ र १८ तारीखको भेलाहरुमा आफ्ना सदस्यहरु सँगसँगै आफ्नो मिहाता शाखा वा नजिकैको समाज बिकास केन्द्रमा सहभागी हुने मौका पाउनु होस्**

**" हिँड मिलियन तुरुन्त कार्यान्वयनं "**